नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरवार, काठमाडौं

पत्र संख्याः २०७५।०७६
चलानी नम्वरः ६०४

फो.नं. ०१-४२४०२३९
फ्याक्स : ०१-४२५८२४०
मितिः २०७६/०२/२८

**विषय : अनलाइन घटना दर्ता (VERSP-MIS) तालिम सम्वन्धमा ।**

**श्री बाह्रविसे नगर कार्यपालिकाको कार्यालय,**
**श्री बाह्रविसे, त्रिपुरासुन्दरी, भोटेकोशी, सुनकोशी, लिसंखु पाखर गाउँ कार्यपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक।**

उपर्युक्त विषयमा व्यक्तिगत घटना दर्ता एवं सामाजिक सुरक्षा सम्वन्धी अनलाइन घटना दर्ता (VERSP-MIS) तीन दिने प्रशिक्षण कार्यक्रम तपसील बमोजिमको मिति, समय र स्थानमा तालिम संचालन हुने भएकोले त्यस कार्यालय र अर्न्तगतका वडा कार्यालयबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्वन्धी कार्य गर्ने कम्प्युटर सम्बन्धी ज्ञान भएका युनिकोडमा टाईप गर्न सक्ने तपसिल बमोजिमको तालिममा सहभागि गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

**(संजय बहादुर राजलवट)**
शाखा अधिकृत

**तपसिल :**

१) तालिम संचालन हुने मिति : २०७६/०२/३२ देखि २०७६/०३/०२ सम्म ।
२) समय : बिहान ८ :०० बजे देखि बेलुका ५ : ०० बजे सम्म ।
३) स्थान : **बाह्रविसे** (तालिम स्थल पछी तय गरीनेछ ।)
४) सहभागिहरु मिति २०७६/०२/३२ गते विहाने ८ :०० बजे तालिम संचालन हुने स्थानमा आई सक्नु पर्नेछ ।
५) सहभागीहरुले ल्यापटप र कार्यालयबाट मनोनित गरिएको पत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।
६) अनलाईनमा व्यक्तिगत घटना दर्ता नभएका वडा कार्यालय स्थानीय पञ्जीकाधिकारी र भएका वडकालागि यसअघि तालिम नलिएका कर्मचारी पठाउनुपर्नेछ ।
७) सहभागीको दैनिक तथा भ्रमण भत्ता आफ्नै कार्यालयबाट व्यहोर्नु पर्नेछ ।
८) तालिमसम्बन्धी थप जानकारीको लागि विभागका क.अ. श्री सरोज उपाध्यायलाई मोबाईल नम्बर ९८५१११६३४५ मा सम्पर्क गर्न सकिनेछ ।
९) सहभागीको विवरण :

| सि.नं | कार्यालयको नाम | वडा सहभागी | केन्द्र | कैफियत |
|---|---|---|---|---|
| १ | **बाह्रविसे** नगरपालिका | १५ | १ | |
| २ | त्रिपुरासुन्दरी गाउँपालिका | ६ | १ | |
| ३ | भोटेकोशी गाउँपालिका | ५ | १ | |
| ४ | सुनकोशी गाउँपालिका | ७ | १ | |
| ५ | लिसंखु पाखर गाउँपालिका | ५ | १ | |